# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ९, संख्याः ३, मितिः २०८२/०३/२५

## भाग - १

# शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्बत् २०८२ सालको ऐन नंम्बर ३

## "शितगंगा नगरपालिकाको अपाङ्गता अधिकार ऐन, २०८२"

**प्रस्तावनाः** अपाङ्गता भएका व्यक्तिहरुका लागि विद्यमान रहेका भेदभाव अन्त्य गरी अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सुनिश्चितताका लागि अपाङ्गता भएका व्यक्तिहरुको शसक्तिकरण गरी स्थानीय सेवा प्रवाहलाई अपाङ्गतामैत्री बनाउन वाञ्छनीय भएकाले नेपालको संविधान (२०७२) को धारा २२६ कोउपधारा (१)ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो अपाङ्गता अधिकार विधेयक,२०८२ निर्माण गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

**(क)** यस ऐन को नाम "शितगंगा नगरपालिकाको अपाङ्गता अधिकार ऐन, २०८२" रहनेछ।

**(ख)** यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अपाङ्गता भएका असहाय व्यक्ति"** भन्नाले आफ्नो सम्पत्ति नभएका,स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ।

(ख) **"अपाङ्गता भएका व्यक्ति"**भन्नाले शारीरिक,मानसिक,बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले समाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

(ग) **"कार्यालय"**भन्नाले शितगंगा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) **"तोकिएको"**वा**"तोकिए बमोजिम"**भन्नाले यस ऐन वा सो अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"परिवार"**भन्नाले अपाङ्गता भएका व्यक्तिका बाजे,बज्यै,बाबु,आमा,छोरा,छोरी,दाजु,भाई,दिदि,बहिनी वा पति पत्नी सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने निजका अन्य नातेदारलाई समेत जनाउँछ।

(च) **"पहुँचयुक्त"** भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक क्षेत्रमा पूर्णरुपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना,यातायातका साधन,सूचना र सञ्चारका उपकरण तथा प्रविधि सर्वसाधरणलाई खुल्ला गरिएका सेवा तथा सुविधा विना अवरोध समान रुपमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्छ।

(छ) **"भाषा"** भन्नाले बोली वा साङ्केतिक भाषा तथा अन्य प्रकारका ध्वनी रहित भाषा सम्झनु पर्छ।

(ज) **"सञ्चार"**भन्नाले भाषा,पाठको प्रस्तुति,ब्रेल,स्पर्श सञ्चार,ठूलो छापा,पहुँचयुक्त बहुमाध्यम,पहुँचयुक्त सूचना र सञ्चार प्रविधि लगायत लेख्य,श्रव्य,सामान्य भाषा,मानव वाचन तथा सञ्चारका प्रबर्द्धनात्मक र वैकल्पिक तरिका,साधन र ढाँचा सम्झनु पर्छ।

(झ) **"स्थानीय तह"** भन्नाले शितगङ्गा नगरपालिकालाई सम्झनु पर्छ।

(ञ) **"संरक्षक"**भन्नाले अपाङ्गता भएको व्यक्तिको हक,हितको संरक्षण गर्न प्रचलित कानून बमोजिम नियुक्त गरिएको व्यक्ति सम्झनु पर्छ।

(ट) **"अपाङ्गता अनुकुल"**भन्नाले अपाङ्गताको विविधतालाई स्वीकार गरी निजहरुका लागि अनुकुल वातावरण भन्ने सम्झनु पर्दछ।

(ठ) **"सहायक सामग्री"**भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको पहुँचका लागि प्रयोग गरिने सामग्री भन्ने सम्झनु पर्दछ।

(ड) **"सामुदायिक सहायता सेवा"**भन्नाले समुदाय स्तरबाट प्रदान गरिने सेवा सम्झनु पर्दछ।

(ढ) **"हेल्पडेस्क"**भन्नाले अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सेवा सुविधाहरु प्राप्त गर्नका लागि परामर्श सेवा प्रदान गर्ने अभिप्रायले कार्यालयमा स्थापना गरिएको सहायता कक्षलाई सम्झनु पर्दछ।

(ण) **"पुनर्स्थापना सेवा"**भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनका लागि सहज बनाउन गरिने सेवा सम्झनु पर्दछ।

(त) **"विशेष शिक्षा"**भन्नाले विशेष पद्धति र ढाँचामा शिक्षा दिन आवश्यक पर्ने अपाङ्गता भएका बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकता सम्बोधन गर्दै निजहरूलाई शिक्षाको समान अवसर प्रदान गर्नका लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई बुझ्नु पर्दछ।

(थ) **"पुनर्स्थापना कोष"**भन्नाले यस ऐनको दफा २० बमोजिम खडा गरिएको कोष सम्झनु पर्दछ।

(द) **"सर्वमान्य संरचना"**भन्नाले उच्चतम सम्भव हदसम्म,विशिष्टीकृत संरचना वा ग्रहणशीलता विना सबै मानिसहरुले प्रयोग गर्न सक्ने उत्पादन,वातावरण,कार्यक्रम र सेवाहरुको संरचना सम्झनु पर्छ।सर्वमान्य संरचनाले अपाङ्गता भएका व्यक्तिहरुको निश्चित वर्गको लागि आवश्यक भएको बखत प्रयोग गरीने सहायक उपकरणलाई समेत सम्झनु पर्छ ।

(ध) **"अपाङ्गता समन्वय समिति"**भन्नाले संघीय ऐनको रुपमा रहेको अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन,२०७४ को दफा ४२ अनुसार गठन भएको समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## अभिलेख

**३. अपाङ्गता भएका व्यक्तिको अभिलेख राख्नु पर्नेः**

(क) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विवरण सहितको अभिलेख तयार गरी प्रत्येक बर्ष अद्यावधिक गरी राख्नेछ।

(ख) अभिलेखमा समावेश नभएका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गताको आधारमा स्थानीय तहले सेवा सुविधा प्रदान गर्ने छैन।

## परिच्छेद- ३
## अपाङ्गता भएका व्यक्तिको अधिकार

**४. प्रचलित कानून बमोजिमका अधिकार उपभोग गर्न पाउनेः**अपाङ्गता भएका व्यक्तिलाई यस ऐनद्धारा प्रदत्त अधिकारका अतिरिक्त अन्य ब्यक्ति सरह समान आधारमा प्रचलित कानून बमोजिम प्रदत्त अधिकारको उपभोग गर्न पाउने अधिकार हुनेछ।

**५. भेदभाव विरुद्धको अधिकारः**

१. अपाङ्गता भएका व्यक्तिलाइ अपाङ्गताको आधारमा भेदभाव वा वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिने छैन।

२. सरकारले शुल्क लिई वा नलिई सार्वजनिक रुपमा उपलव्ध गराईएका कुनै पनि सेवा,सुविधा प्रदान गर्दा अपाङ्गताका आधारमा कुनै पनि प्रकारको भेदभाव गरिने छैन।

३. अपाङ्गता भएका व्यक्तिलाई निजको परिवारका कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएकै आधारमा पालन पोषण,खानपान,हेरचाह,सम्पत्ति बाँडफाँड वा अन्य कार्यमा कुनै प्रकारको भेदभाव गरेको गुनासो वा उजुरी आएमा त्यस्ता परिवारलाई स्थानीय तहले प्रदान गर्ने कुनै पनि प्रकारका सेवा सुविधा उपलब्ध गराउन बाध्य हुने छैन।

४. कुनै दस्तुर बुझाई वा नबुझाई सर्वसाधारण व्यक्तिले प्रयोग वा प्रवेश गर्न पाउने गरी खुला गरिएको कुनै भवन वा स्थानको प्रयोग वा प्रवेशमा अपाङ्गता भएको आधारमा कुनै व्यक्तिलाई निषेध गर्न वा थप शर्त वा दायित्व राख्न पाईने छैन र निजको व्यक्तिगत सहयोगीलाई समेत निशुल्क प्रवेशको अनुमति दिनु पर्नेछ।

५. सार्वजनिक महत्वका स्थलहरुलाई अपाङ्गता अनुकुल बनाउदै लगिनेछ।

**६. सामुदायिक जीवनको अधिकारः**

१. अपाङ्गता भएका व्यक्तिका परिवारले अपाङ्गता भएका व्यक्तिलाई परिवारका अन्य सदस्य सरह समान रुपमा आफ्नो परिवार वा संरक्षकसँग वा आफूले छनौट गरेको आफ्नो हकको बासस्थानमा बस्ने अधिकार हुनेछ र निजलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिने छैन।

२. अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक जीवनयापन गर्न आवश्यक सहायक सामग्री तथा सामुदायिक सहायता सेवाको व्यवस्था गरिनेछ ।

**७. संरक्षणको अधिकारः**

१. अपाङ्गता भएका व्यक्तिलाई परिवार,संरक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार,शारीरिक वा मानसिक हिंसा,लैङ्गिक हिंसा,घरेलु हिंसा,यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ।
२. अपाङ्गता भएका व्यक्तिलाई सशस्त्र सङ्घर्ष सङ्कटकाल वा विपद् परेको अवस्थामा प्राथमिकताका साथ सुरक्षा, उद्धार तथा संरक्षण पाउने अधिकार हुनेछ।
३. स्थानीय तहले अपाङ्गता भएका व्यक्तिलाई लैङ्गिक हिंसा लगायत सबै प्रकारका शोषण, हिंसा र दुर्व्यवहार बाट संरक्षण गर्नको लागि अपाङ्गता भएका व्यक्ति बिरुद्ध भएका शोषण, हिंसा र दुर्व्यवहारजन्य लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाको जानकारी लिने तथा अभिलेख राखी शोषण, हिंसा तथा घटनाका विरुद्धमा कानूनी परामर्श प्रदान गर्नेछ।
४. स्थानीय तहले कुनै घटनाबाट पीडितको तत्काल र प्रभावकारी रुपमा सुरक्षा,उद्धार,संरक्षण तथा पुनर्स्थापना गर्ने,त्यस्ता घटनाका हुन नदिनको लागी उपयुक्त व्यवस्था गर्ने र त्यस्ता घटनाका विरुद्धमा सामुदायिक स्तरमा सचेतना तथा परामर्श कार्यक्रम सञ्चालन गर्नेछ।

**८. राजनीतिक सहभागिताको अधिकारः**

१. अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रुपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ।
२. सरकारी तथा गैर सरकारी संस्थाहरुको निर्वाचनमा अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रकृया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था गरिनेछ।

**९. नीति निर्माणमा सहभागिताको अधिकारः**

१. अपाङ्गता भएका व्यक्तिसंग सरोकार हुने प्रकृतिका महत्वपूर्ण नीति निर्माण प्रकृयामा अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित संस्था मार्फत सहभागी हुने अधिकार सुनिश्चित गरिनेछ।
२. उपदफा (१) बमोजिम नीति निर्माण प्रक्रियामा सहभागी हुँदा अपाङ्गता भएका व्यक्तिले व्यक्त गरेको बिचारलाई सान्दर्भिकताको आधारमा उचित स्थान दिईनेछ।
३. स्थानीय तहले दिर्घकालीन तथा अल्पकालीन योजना निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिको संस्थागत प्रतिनिधित्व हुने गरी सहभागिता गराउनु पर्नेछ।
४. स्थानीय तहमा सुचीकृत हुने सेवा प्रदायक निकायहरुले अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता गराउनु पर्नेछ।

**१०. सांस्कृतिक जीवनमा सहभागी हुने अधिकारः**

१. अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा पहुँचयुक्त ढाँचा र विधिमा सहभागी हुने अधिकार हुनेछ।
२. अपाङ्गता भएका व्यक्तिलाई सिर्जनशील,कलात्मक,बौद्धिक,व्यवसायिक,पेशागत तथा आन्तरिक क्षमताको विकास र उपयोग गर्ने अधिकार हुनेछ।
३. अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा साङ्केतिक भाषा, बहिरा संस्कृति लगायत विशेष साँस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने अधिकार हुनेछ ।

**११. सेवा,सुविधा तथा न्यायमा पहुँचको अधिकारः**

१. अपाङ्गता भएका व्यक्ति समेतको न्यायमा पहुँच सुनिश्चित गर्न स्थानीय तहको सम्बन्धित शाखाका कर्मचारीबाट निःशुल्क कानूनी परामर्शको काम गरिनेछ।

२. स्थानीय सरकारले लिने सबै किसिमका दस्तुरमा क वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई २० प्रतिशत र ख वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई २० प्रतिशत छुटको व्यवस्था गरिनेछ।

**१२. सामाजिक सुरक्षाको अधिकारः**

१. अपाङ्गता भएका व्यक्तिले कुनै पनि अवसरको प्राप्ति र उपयोग गर्दा निजले प्रयोग गर्ने सहायता सेवामा भएको अतिरिक्त व्ययभारको सोधभर्ना संघीय कानुन बमोजिम पाउने अधिकार हुनेछ।

**१३. सूचनाको अधिकारः**

१. अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सञ्चारका माध्यमबाट अपाङ्गमैत्री तथा पहुँचयुक्तताको आधारमा सूचना पाउने गरी आवश्यक व्यवस्था गरिनेछ।

२. सर्वसाधारणको लागि लक्षित गरिएका सूचनाहरु अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क रुपमा पुर्याइने व्यवस्था गरिनेछ।

३. स्थानीय तहले प्रदान गर्ने सुचनाहरु अपाङ्गता अनुकुल बनाइनेछ साथै विद्युतीय संचार मध्यम अपाङ्गता मैत्री बनाउदै लगिनेछ ।

## परिच्छेद –४

## अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकार

**१४.अपाङ्गता भएका महिलाको अधिकारः**

१. स्थानीय तहले अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्न तथा उनीहरुको ज्ञान,सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

२. स्थानीय तहले अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरुको स्वास्थ्य तथा प्रजनन् अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नेछ।

**१५. अपाङ्गता भएका बालबालिकाको अधिकारः**

१. अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने,आत्मनिर्भरता प्रवर्द्धन गर्ने,समाजमा सक्रियरुपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतित गर्ने अधिकार हुनेछ।

२. अपाङ्गता भएका बालबालिकालाई समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम,स्वास्थ्य स्याहार सेवा,पुनर्स्थापना सेवा,रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ।

३. अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह समान आधारमा निजहरु लाई प्रभाव पार्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार हुनेछ र निजहरुका धारणालाई उमेर र परिपक्वताका आधारमा उचित स्थान दिइनेछ।

४. अपाङ्गता भएका बालबालिकालाई निजहरुको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घरपरिवारबाट अलग गर्न पाइने छैन ।

५. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्दा अपाङ्गतामैत्री जनचेतनामुलक विषयवस्तु समावेश गरिनेछ ।

## परिच्छेद –५

## अपाङ्गता भएका व्यक्तिको शिक्षाः

**१६. निःशुल्क शिक्षा उपलव्ध गराउनेः**

१. अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तह भित्र रहेका आधारभूत,माध्यमिक र उच्च शिक्षा निःशुल्क रुपमा शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।

२. अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना हुँदा कुनै पनि प्रकारको शुल्क लिन पाइनेछैन।

३. अपाङ्गता भएका बालबालिकाहरुले अध्ययन गर्ने विद्यालयका शिक्षकहरुको अपाङ्गता सम्बन्धि ज्ञान क्षमता विकासका लागि तालिमको व्यवस्था गरिनेछ।

४. शिक्षण संस्थाले अतिरिक्त क्रियाकलाप,शैक्षिक सामग्रीको वितरण र पहुँचमा अपाङ्गता भएका व्यक्तिलाई भेदभाव गर्नु हुँदैन।

५. अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन ब्रेल वा वैकल्पिक लिपि,साङ्केतिक भाषा,सूचना प्रविधिको साधन र दौंतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाइनेछ ।

६. दृष्टिविहिन,बहिरा,सुस्तश्रवण,श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त भाषा तरिका,लिपि,पाठ्यक्रम,पाठ्यपुस्तक लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट शिक्षा आर्जन गर्न आवासको व्यवस्था गर्नु पर्ने भएमा सोको व्यवस्था गरिनेछ।

७. शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको आवश्यकतालाई दृष्टिगत गरी अपाङ्गतामैत्री शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्नेछ।

८. शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित हुने गरी विद्यालय भवन तथा अन्य भौतिक संरचनाको व्यवस्था गर्नेछ।

९. संस्थागत रुपमा संचालित शैक्षिक संस्थाले सामाजिक उत्तरदायित्व तर्फको सेवामा अपाङ्गता भएका विद्यार्थीहरुलाई तोकिएको संख्याका आधारमा अपाङ्गता भएका विद्यार्थीलाई निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराउनु पर्नेछ।

१०. अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेका विद्यालयको भौतिक पूर्वाधार तथा अन्य सेवा सुविधाको विकासको लागि आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१७. अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्नेः**

१. स्थानीय सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रवर्द्धन गर्नका लागि अपाङ्गता समन्वय समितिले निर्धारण गरे बमोजिम आवश्यक व्यवस्था गर्नेछ।

२. स्थानीय सरकारले अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षक तथा अपाङ्गता भएका शिक्षकका लागि विशेष तालिमको व्यवस्था गर्नेछ।

३. स्थानीय सरकारले अपाङ्गता भएका विद्यार्थीको सिकाइमा पहुँच सुनिश्चित गर्नको लागि विद्यालयलाई अपाङ्गता समन्वय समितिले तोकिए बमोजिमका शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

## परिच्छेद–६
## सीप विकास तथा रोजगारी

**१८.व्यवसायिक तालिम तथा स्वरोजगारः**

१. विभिन्न पेशा वा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई निजमा रहेको सीप,क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावनाका आधारमा संघ संस्था,परिवार तथा समुदायको सहकार्यमा व्यवसाय संचालनका लागि प्रोत्साहन गरिनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरुले अवलम्वन गरेको पेशालाई मर्यादित र दिगो बनाई राख्न आवश्यक सहयोग प्रदान गरिनेछ।

३. अपाङ्गता भएका बेरोजगार व्यक्तिहरुको स्वरोजगारका लागि क्षमता र सम्भाव्यताको पहिचान गरी आवश्यकताका आधारमा कार्यक्रमहरु संचालनमा ल्याइनेछ।

## परिच्छेद -७

## स्वास्थ्य, पुर्नस्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन

### १९. निःशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउनेः

१. अपाङ्गता हुन सक्ने जोखिमका कारण खानुपर्ने औषधि निःशुल्क उपलब्ध गराइनेछ ।

२. अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचारको लागि अस्पताल सम्म पहुँचका लागि रहेका अवरोधहरु हटाउन आवश्यक व्यवस्था गरिनेछ ।

३. अस्पतालका स्वास्थ्य कर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ।

४. अस्पतालले अपाङ्गता भएका व्यक्तिलाई शैय्या आरक्षणको व्यवस्था गर्नु पर्नेछ।

५. अपाङ्गतापनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारक तत्वहरू पत्ता लगाई त्यसको निरोध, निवारण,नियन्त्रण,उन्मूलन र उपचार गर्ने सम्बन्धमा सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।

६. अपाङ्गताबाट सिर्जना हुने अङ्ग र आङ्गिक कार्यको विचलन न्यूनीकरणका लागि नजिकको अस्पतालबाट उपचार प्रदान गर्न नसकी स्थानान्तरण गर्नु पर्ने भएमा आवश्यक सहयोगका लागि पहल गरिनेछ।

### २०. पुनःस्र्थापना कोषको व्यवस्थाः

१. अपाङ्गता भएका व्यक्तिलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सकीय सेवा,जीवनोपयोगी, सीपमुलक तथा व्यावसायिक तालिम सहायक सामग्री,औषधि उपचार,नियमित परामर्श सेवा,शैक्षिक तथा आर्थिक कार्यक्रम को निरन्तरका लागि पुनःस्र्थापना कोषको व्यवस्था गरिनेछ । उक्त कोषमा देहायका रकमहरु रहनेछन्ः

   (क) संघ, प्रदेश र स्थानीय निकायबाट प्राप्त रकम,

   (ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

   (ग) विदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

   (घ) अन्य कोषबाट प्राप्त रकम।

२. पुनर्स्थापना कोषको सञ्चालन र खर्च तोकिए बमोजिम हुनेछ।

### २१. सांस्कृतिक अधिकार तथा मनोरञ्जनः

१. स्थानीय निकायले अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न तथा निजलाई मनोरञ्जन सम्बन्धी क्रियाकलापमा अन्य व्यक्ति सरह सहभागी हुने अवसरको सिर्जनाका लागि देहायको व्यवस्था गर्नेछः

   (क) अपाङ्गता भएका व्यक्तिमा रहेको सीप,कला,प्रतिभा तथा साहित्यप्रतिको रुचीको सम्मान र विकासका लागि आवश्यक सुविधा तथा सहयोग उपलब्ध गराउने।

(ख) सेवा सुविधा तथा पूर्वाधारलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन आवश्यक प्रविधि तथा कलाको विकास गर्ने।

(ग) अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघसंस्थालाई सहयोग गर्ने।

(घ) अपाङ्गता भएका व्यक्तिलाई अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहन गर्ने।

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,गराउने।

**२२. खेलकुदमा सहभागी गराउनेः**

१. अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्तिसरह समान आधारमा खेलकुद सम्बन्धी क्रियाकलापमा सहभागी गराउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२. खेलकुदको विकास तथा प्रतियोगिता आयोजना गर्ने संस्था वा निकायले अपाङ्गता भएका खेलाडी हरु बीच खेलकुद सम्बन्धी आपसी प्रतियोगिता (राष्ट्रपति रनिङ्ग सिल्ड, मेयर कप, उपमेयर कप र अन्य स्थानीय खेल) मा संलग्न गराई अपाङ्गता मैत्री खेलकुदको विकास तथा प्रवर्द्धन गर्नु पर्नेछ।

३. उपदफा (१) र (२) को प्रयोजनको लागि खेलकुदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुदमा सहभागी गराउन देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछन्ः

(क) अपाङ्गता भएका व्यक्तिको पहुँच र समावेशी सहभागिता रहने गरी खेलकुद कार्यक्रमहरुको आयोजनामा विशेष ध्यान दिइनेछ।

(ख) अपाङ्गता भएका व्यक्तिको पहुँच र सुविधा हुनेगरी खेलकुद मैदान तथा भौतिक पूर्वाधारको पुनः मर्मतमा ध्यान दिइनेछ।

(ग) अपाङ्गता भएका व्यक्तिको खेलकुदप्रतिको प्रतिभा तथा क्षमतालाई उजागार गर्नप्रोत्साहन गरिनेछ।

(घ) अपाङ्गता भएका व्यक्तिलाई समावेश गरी खेलकुद प्रतियोगिता आयोजना गर्ने।

(ङ) विद्यालयस्तरमा सञ्चालन गरिने खेलकुद तथा अतिरिक्त क्रियाकलापमा अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकालाई सहभागी गराउने तथा उनीहरुलाई अपाङ्गताको प्रकृतिका आधारमा विकास गरिएको खेलकुदमा सहभागी गराउन उपयुक्त प्रशिक्षण,तालिम,प्रतियोगिता र सोका लागि स्रोतको व्यवस्था गर्ने।

(च) तोकिए बमोजिमका अन्य काम गर्ने,गराउने।

**२३. मानसिक वा मनोसामाजिक (साइको–सोसियल) अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा,सुविधाः**

१. स्थानीय सरकारले घर परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको उपचार घरपरिवारलाई गर्न लगाई पुनःस्थापना गर्ने वा पारिवारिक पुनर्मिलन गराउने व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-८

## सहुलियत र सुविधा

**२४. सहुलियत र सुविधाः**अपाङ्गता भएका व्यक्तिहरुको सेवा सुविधा र अवसरहरुमा सहज पहुँच पुर्याउन स्थानीय तहले अपाङ्गता व्यवस्थापनका लागि बजेट छुट्टयाउनु पर्नेछ।

२५. दफा २४ बमोजिम विनियोजित बजेटलाई अपाङ्गता भएका व्यक्तिहरु द्वारा संचालित संस्था मार्फत योजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

## परिच्छेद-९
## अपाङ्गता व्यवस्थापन समिति

**२६. अपाङ्गता व्यवस्थापन समितिः**

१. अपाङ्गता भएका व्यक्तिको अधिकार,सेवा, सुविधा र संरक्षण सम्बन्धी काम कारबाहीमा समन्वय,रेखदेख,, प्रबर्द्धन गर्ने तथा सो सम्बन्धी काममा परामर्श दिने समेत कामका लागि वडा स्तरीय अपाङ्गता व्यवस्थापन समिति रहनेछ।

२. अपाङ्गता व्यवस्थापन वडा समितिको गठन देहाय बमोजिम हुनेछः

(क) वडा अध्यक्ष -अध्यक्ष

(ख) अपाङ्गता भएका व्यक्तिद्वारा संचालित संस्थाको सिफारिसमा अपाङ्गता व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित अपाङ्गता भएका २ जना व्यक्ति -सदस्य

(ग) सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्थाको प्रमुख -सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

३. उपदफा (२) (ख) बमोजिम मनोनित कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा समितिले त्यस्ता सदस्यलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

४. अपाङ्गता व्यवस्थापन समितिको कार्यकाल ५ वर्षको हुनेछ।

५. उपदफा (२) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

६. उपदफा (३) बमोजिम कुनै पद रिक्त भएमा जुन प्रक्रियाबाट पदपूर्ति भएको हो सोही अनुसार पदपूर्ति गरिनेछ।

**२७. अपाङ्गता व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकारः** अपाङ्गता व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. अपाङ्गता सम्बन्धी अल्पकालिन तथा दीर्घकालीन नीति तर्जुमा गर्दा अपाङ्गता भएका व्यक्तिहरुको संस्थाको अनिवार्य रुपमा प्रतिनिधित्व गराइनेछ।

२. अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने गराउने।

३. अपाङ्गता भएका व्यक्तिको अधिकार,सेवा सुविधा र अवसरको उपभोग,संरक्षण र प्रवर्द्धन गरी अपाङ्गता भएका व्यक्तिलाई बिना भेदभाव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको पूर्ण उपयोग गर्न उपयुक्त उपाय अवलम्बन गर्ने,गराउने।

४. अपाङ्गता सम्बन्धी काम कारबाहीमा विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्थाहरू बीच समन्वय गर्ने।

५. अपाङ्गता भएका व्यक्तिको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित व्यक्ति तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने,गराउने।

६. अपाङ्गता हुन सक्ने अवस्था,त्यसको रोकथामका लागि अपनाउनु पर्ने सजगता तथा अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मानका लागि गर्नु पर्ने व्यवहार र सहयोगको बारेमा जनचेतना अभिवृद्धि गर्ने,गराउने।

७. भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त तुल्याउने व्यवस्था गरिनेछ।

८. अस्पताल,खेल मैदान,सडक,सार्वजनिक तथा सरकारी कार्यालय,सार्वजनिक यातायातका साधन,सडक,शौचालय,बसपार्क,पार्क लगायतका सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचलाई सहज बनाउन समयावधि निर्धारण गरी आवश्यक कार्यक्रम बनाई लागू गर्न परामर्श सेवा प्रदान गर्ने।

९. अपाङ्गता भएका व्यक्तिहरूको हकहित, प्रवर्द्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग गर्ने तथा त्यस्ता संस्थासँग सहकार्य गर्ने।

१०. अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने।

११. अपाङ्गता सम्बन्धि विद्यमान कानुनको कार्यान्वयनका लागि निरन्तर पैरवी गर्ने।

१२. अपाङ्गता भएका व्यक्तिको हक,हित वा अधिकार विपरित कुनै काम कारवाही नगर्न वा नगराउन आवश्यक परामर्श प्रदान गर्ने।

१३. स्थानीय तह अपाङ्गता समन्वय समितिलेतोके बमोजिमका अन्य कार्य गर्ने गराउने।

**२८. बैठक संचालन कार्यविधिः**

१. अपाङ्गता व्यवस्थापन समितिको बैठक छ (६) महिनामा कम्तीमा एकपटक बस्नेछ।

२. अपाङ्गता व्यवस्थापन समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ।

३. अपाङ्गता व्यवस्थापन समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तीमा तिन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

४. अपाङ्गता व्यवस्थापन समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिका बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

५. अपाङ्गता व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

६. अपाङ्गता व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

७. अपाङ्गता व्यवस्थापन समितिले सम्बन्धित क्षेत्रमा अपाङ्गताको क्षेत्रमा क्रियाशील संस्थाको कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८. अपाङ्गता व्यवस्थापन समितिका निर्णय सो समितिको सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

९. अपाङ्गता व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–१०

## अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्वः

**२९. स्थानीय तहको दायित्वः**

१. अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध हुन सक्नेसम्मका सेवा,सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व स्थानीय तहको हुनेछ।

२. अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्ति सरह समानरुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चिततताका लागि स्थानीय तहले तोकिए बमोजिमका उपायहरुको अवलम्बन गर्नेछ।

**३०.शिक्षण संस्थाको दायित्वः** अपाङ्गता भएका व्यक्तिलाई यस ऐनमा उल्लेख गरिएका शिक्षा सम्बन्धी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन

गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ।

**३१.परिवारका सदस्य तथा संरक्षकको दायित्वः**

१. अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्था बमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालन पोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित परिवार वा संरक्षकको हुनेछ ।

२. अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार नगराएमा थप जोखिममा पर्ने भएमा परिवारका सदस्य वा संरक्षकले निजलाई तत्काल उपचारको लागि नजिकको अस्पताल वा चिकित्सक द्वारा तोकिदिएको स्वास्थ्य संस्थामा पुर्याउनु पर्नेछ।

३. अपाङ्गता भएका व्यक्तिलाई घर परिवारबाट निकाला गर्न वा अवहेलना गर्न पाइने छैन।

४. स्थानीय तहले अपाङ्गता भएका व्यक्तिका परिवारलाई अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व निर्वाह गर्न सहयोग पुग्ने गरी सहजीकरण गर्नेछ।

**३२. चिकित्सकको दायित्वः**

१. चिकित्सकले आफू समक्ष उपचारका लागि आएको कुनै व्यक्तिमा अपाङ्गता हुने जोखिम छ भन्ने लागेमा त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई गराई सोतर्फ समेत उचित ध्यान दिइ उपचार गर्नुपर्नेछ।

२. चिकित्सकले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिई अपाङ्गतामैत्री वातावरणमा उपचार गर्नुपर्नेछ र कुनै कारणवश आफूले उपचार गराउन नसक्ने भएमा उपचार हुनसक्ने ठाउँमा सिफारिस गर्नुपर्नेछ।

**३३. अपाङ्गता भएका व्यक्तिप्रतिको सामाजिक दायित्वः**

१. शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य,शिक्षा,रोजगारीका अवसरहरूको सम्बर्द्धन र प्रबर्द्धनका लागि आफ्नो नाफाबाट केही रकम सामाजिक उत्तरदायित्व अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि छुट्याउनु पर्नेछ।

२. नगरपालिकामा कार्यरत संघ संस्थाहरुले संचालन गर्ने कार्यक्रमबाट समावेशीकरणका आधारमा अपाङ्गता भएका व्यक्तिहरु लाभान्वित हुने कार्य सुनिश्चित गर्नुपर्नेछ।

**३४.वर्गीकरणका आधारमा सेवा, सुविधामा प्राथमिकता दिनेः** अपाङ्गता भएका व्यक्तिलाई कुनै सेवा,सुविधा तथा सहुलियत उपलब्ध गराउँदा अपाङ्गताको मात्रा,गाम्भीर्यता तथा निजको आर्थिक अवस्थाका आधारमा प्राथमिकता दिइनेछ।

## परिच्छेद–११

## अपाङ्गता भएका व्यक्तिको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन

**३५. अधिकारको प्रचलन गराउन निवेदन दिन सक्नेः**

१. कसैले यस ऐनमा उल्लेख भएका अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगरेमा अपाङ्गता भएका व्यक्ति स्वयंले वा निजको परिवारका कुनै

सदस्य वा संरक्षकले सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि स्थानीय तह समक्ष निवेदन दिन सक्नेछ।

२. उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनु पर्नेछ।

**३६. भिक्षा माग्न लगाउन नहुने:** परिवारले अपाङ्गता भएका व्यक्तिलाई भिक्षा माग्न लगाउन पाइने छैन।

## परिच्छेद- १३

## विविध

**३७. घुम्ती सेवा सञ्चालन गर्न सक्ने:**अपाङ्गता भएका व्यक्तिलाई यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियम बमोजिमको सेवा सुविधा तथा परिचयपत्र सहज रुपमा उपलब्ध गराउनका लागि स्थानीय तहले घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ। पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाइ निजको अभिभावकले कार्यालयसम्म ल्याउन अपाङ्गता अनुकुल नभएको भनी असमर्थताको निवेदन दिएमा निजको घरमै पुगी सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

**३८. नियम बनाउने अधिकार:**यस ऐनको कार्यान्वयनको लागि स्थानीय तहले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

**४०. खारेजी र बचाउः** माथि जुन सुकै कुरा लेखिएको भए तापनि यो ऐन सङ्घीय र प्रदेशको प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

**प्रमाणिकरण मिती:** २०८२/०३/२५

**आज्ञाले**
**मदन बहादुर जि.सी.**
**प्रमुख प्रशासकिय अधिकृत**